नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर ।
(आर्थिक प्रशासन शाखा)

प.स. ०७८।७९
च.न. १३६

मितिः २०७८।७।३०

श्री शिक्षा विकास तथा समन्वय इकाईहरु
सबै ।

**विषयः प्राविधिक परामर्श कार्यका लागि विनियोजित बजेट खर्च गर्ने सम्बन्धमा ।**

चालु आ.व. ०७८।७९ मा तहाँ कार्यालयको व.उ.शि.न.३५००१०१३, खर्च शीर्षक न.२२४११ मा **"बेरुजु फछ्यौटका लागि विद्यालय निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन तयारीका लागि प्राविधिक परामर्श सेवा"** कार्यक्रमका लागि विनियोजित बजेट खर्च गर्ने सम्बन्धमा विभिन्न इकाईबाट स्पष्ट गर्न अनुरोध भई आएकोमा उक्त विनियोजित बजेट खर्च गर्ने सम्बन्धमा देहायका विषयहरु स्पष्ट पारिएको केन्द्रको मिति २०७८।७।३० को निर्णयानुसार जानकारीको लागि अनुरोध छ ।

**क.कार्यसम्पन्न प्रतिवेदन तयार गर्नका लागि सम्बन्धित प्राविधिकले गर्नुपर्ने कार्यहरुः**

शिक्षा विकास तथा समन्वय इकाईको प्रत्यक्ष सुपरिवेक्षणमा रही परामर्शदाता (कम्तिमा सब- इन्जिनियरको योग्यता भएको) ले देहायका कार्यहरु सम्पादन गर्नुपर्ने छः

१. शिक्षा विकास तथा समन्वय इकाईसँग भएको सेवा खरिद सम्झौतामा उल्लेखित विषयहरुमा निर्माण सम्पन्न भएका भौतिक संरचनाहरु (चार वा दुईकोठे भवन,भवन मर्मत संभार,शौचालय निर्माण,बाह्य वातावरण सुधार आदि) को सम्झौता, डिजाइन तथा लागत अनुमानको प्रति इकाईबाट प्राप्त गरि स्थलगत रुपमा नाँपजाँच गर्ने ।
२. नाँपजाँच बमोजिम नापी किताब,कार्यसम्पन्न प्रतिवेदन तथा निर्माण कार्यको बील तयार गरि सम्बन्धित विद्यालयको प्र.अ. र वि.वय.स.को अध्यक्षबाट स्वीकृतिका लागि सिफारिस समेत गराई प्रतिवेदन सहित शिक्षा विकास तथा समन्वय इकाईमा तोकिएको समयभित्रै प्रतिवेदन गर्ने ।
३. निर्माण सम्पन्न संरचनाको फोटो समेत खिचि इकाईमा पेश गर्ने ।
४. निर्माण सम्पन्न भएको तर तोकिएको भन्दा फरक डिजाईनमा निर्माण भएको भए सोही व्यहोराको प्रतिवेदन गर्ने ।सम्झौता रकम भन्दा न्यून रकमको निर्माण कार्य भएको अवस्थामा नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन तयार नगर्ने एवं यस्तो अवस्थामा तोकिएको पारिश्रमिक समेत भुक्तानी नहुने ।
५. शिक्षा विकास तथा समन्वय इकाई र सेवा प्रदायका बीच भएको सम्झौतामा उल्लेखित अन्य कार्यहरु ।

**ख. शिक्षा विकास तथा समन्वय इकाईसँग सम्बन्धित कार्यः**

१. कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने प्रयोजनका लागि कर्मचारीलाई कामकाज लगाउदाँ साविकमा जिल्ला शिक्षा कार्यालयमा कामकाज गरेका प्राविधिक कर्मचारीलाई प्राथमिकता दिने ।

२. साविक DLPIU मा कार्यरत प्राविधिक कर्मचारीलाई कामकाजमा लगाउने सम्बन्धमा कार्यालयको कामकाजमा असर नपर्ने गरी काममा लगाउन सकिने ।

३. शिक्षा विकास तथा समन्वय इकाईले मासिक रुपमा बेरुजु फछ्यौटको तयारी र प्रगति अनिवार्य रुपमा केन्द्रमा पठाउने ।

४. अन्य विषयमा द्विविधा उत्पन्न भएमा केन्द्रबाट थप स्पष्ट पारिने ।

**ग. कार्यसम्पन्न प्रतिवेदन तयार भईसकेपछि परामर्शदातालाई सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाईबाट गरिने भुक्तानीको पक्रियाः**

१. दुई कोठे तथा चार कोठे विद्यालय भवन निर्माणको हकमा हिमाली तथा पहाडी जिल्लामा प्रति विद्यालय भवनको रु. 5220।- तथा तराईका जिल्लामा प्रति विद्यालय भवनको रु. 4261.20।- पैसाका दरले हुन आउने रकम ।

२. शौचालय निर्माण, मर्मत संभार तथा बाह्य वातावरण सुधारको हकमा प्रति विद्यालय कम्तीमा रु. पाँच लाख लागत अनुमान भएको निर्माण कार्यको लागि हिमाली तथा पहाडी जिल्लामा प्रति विद्यालयको रु. 5220।- तथा तराईका जिल्लामा प्रति विद्यालय भवनको रु. 4261.20।- पैसाका दरले हुन आउने रकम ।

३. दुई कोठे तथा चार कोठे विद्यालय भवन निर्माणको हकमा बाहेक अन्य निर्माण कार्यको हकमा (शौचालय निर्माण, मर्मत संभार तथा बाह्य वातावरण सुधार आदि) एउटै विद्यालयमा रु. पाँचलाख भन्दा कम लागत अनुमानको भए दुई वा सो भन्दा बढी विद्यालयको निर्माण कार्य समेत समावेश गरि न्यूनतम रु. पाँचलाखको लागत अनुमान कायम गरि गर्न सकिने र प्रति इकाई माथि सि.न. १ र २ बमोजिमकै दरमा हुन आउने रकम ।

०६८।६।३०

(विनोद गेलाल)
उपसचिव (लेखा)